आज मिति २०७५ जेष्ठ १६ गते बुधवारका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यूको अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| | |
|---|---|
| १. | प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका |
| २. | उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका |
| ३. | सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका |
| ४. | सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका |
| ५. | सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका |
| ६. | सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका |
| ७. | सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका |
| ८. | सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका |
| ९. | सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका |
| १०. | सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका |
| ११. | सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका |
| १२. | सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका |
| १३. | सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका |
| १४. | सदस्य श्री बाबुराम गैरे शितगंगा नगरपालिका |
| १५. | सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका |
| १६. | सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका |
| १७. | सदस्य श्री पवित्रा थापा शितगंगा नगरपालिका |
| १८. | सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका |
| १९. | सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका |
| २०. | सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका |
| २१. | सदस्य श्री अर्चना राना मगर शितगंगा नगरपालिका |
| २२. | सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका |

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री हरि नारायण बेल्वासे शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

बैठकका एजेन्डा (प्रस्तावहरु) :-

१. कार्यक्रम संसोधन तथा रकमान्तर सम्बन्धमा ।

२. योजनामा रकम विनियोजन सम्बन्धमा ।

३. आन्तरिक श्रोत तर्फको कार्यक्रम रकमान्तर सम्बन्धमा ।

४. आन्तरिक श्रोत तर्फ क्याम्पस तथा विद्यालय कम्प्यूटर शिक्षा अनुदान सम्बन्धमा ।

५. नीति तथा कार्यक्रम सम्बन्धमा ।

६. मार्ग दर्शन सम्बन्धमा ।

७. वडा तथा न.पा. तर्फको रकम संसोधन सम्बन्धमा ।

८. पाईप वितरण सम्बन्धमा ।

९. स्वास्थ्य तर्फको दरवन्दी तथा तलव भत्ता सम्बन्धमा ।

१० रिचार्ज पोखरी निर्माण सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको प्रथम नगर सभाको बैठकबाट चालु आ.व.को न.पा. वित्तिय समानिकरण तर्फको बजेट विनियोजन गर्दा निम्न योजना तथा कार्यक्रमहरुको लागि बजेट विनियोजन भएकोमा चालु आ.व.मा कार्यान्वयन हुन सक्ने नदेखिएकोले तपशिलका योजना तथा कार्यक्रमहरु हटाई तत्काल गर्ने सकिने योजनामा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| **हटाउने कार्यक्रमहरु** | **रकम** |
|---|---|
| १. एक टोल एक उत्पादन | रु १५०००००।- |
| २. पर्यटन गुरु योजना निर्माण | रु १५०००००।- |
| ३. आवधिक नगर विकास योजना | रु १५०००००।- |
| ४. प्राकृतिक श्रोत साधन संरक्षण व्यवस्थापन | रु १५०००००।- |
| ५. न.पा. घडेरी खरिद तथा व्यवस्थापन | रु २५०००००।- |
| ६. म्याचिङ्ग फण्ड विभिन्न कार्यक्रम (बाँकी रहेको रकम) | रु २६६८०००।- |
| ७. पूर्ण सरसफाई कार्यक्रम वडा घोषण समेत | रु ५०००००।- |
| ८. जेष्ठ नागरिक, अपाङ्ग स्वास्थ्य शिविर | रु २०००००।- |
| ९. पाठेघर स्किनिङ्ग स्वास्थ्य शिविर | रु २०००००।- |

जम्मा रु १२०६८०००।-

१०. चालु खर्च तर्फ बचत हुने रकम मध्येबाट पूँजिगतमा एकमुष्ठ रकमान्तर रु १०००००००।- गर्ने ।

दुवै गरी जम्मा रु २२०६८०००।-

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा माथि निर्णय नं. १ बाट बचत हुने रकमबाट तत्काल १ महिना भित्र सम्पन्न गर्ने गरी निम्न योजनाहरुको लागि तपशिल अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | योजनाको नाम | स्थान | रकम |
|---|---|---|---|
| १ | पूर्व निर्णय अनुसारको हस्पीटल आर्मीगेट, घुम्ती चौपारी, अमराई सानादह, हिलेखोला रजिया सडक | विभिन्न | ६७५०००० |
| २ | जाडीखर्क बग्र मो.वा. निर्माण | शिनपा १ | २५०००० |
| ३ | अमराई सामुदायिक ट्रष्ट निर्माण | शिनपा ४ | ५००००० |
| ४ | हर्रे खानेपानी योजना | शिनपा १० | २००००० |
| ५ | वडा कार्यालय भवन मर्मत | शिनपा ११ | २००००० |
| ६ | आर्मीगेट हस्पीटल सडक अर्न्तगत नगरपालिका जग्गा सम्मको बाटो स्तरोन्नती (आर्गी गेट अगाडी स्टक्चर वाल) | शिनपा ३ | ५००००० |
| ७ | आर्मीगेट हस्पीटल सडक अर्न्तगत नगरपालिका जग्गा सम्मको बाटो स्तरोन्नती (आर्गी गेट अगाडी हियुम पाईप , ग्याविन तथा फिलिङ्ग) | शिनपा ३ | ५००००० |
| ८ | साउनेखोला (हस्पीटल पश्चिम खोल्सी मा चेकड्यम निर्माण | शिनपा ३ | ५००००० |
| ९ | रिपाहा खमारी खानेपानी योजना विस्तार | शिनपा ६ | १४०००० |
| १० | विद्युतिय सामाग्री खरिद | विभिन्न | २०००००० |
| ११ | धनचौर खा.पा. शिनपा ५ | शिनपा ५ | १००००० |
| १२ | सिद्धारा स्वास्थ्य चाकी ट्रष्ट निर्माण | शिनपा १० | ३००००० |
| | जम्मा | | ११९४०००० |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रथम नगर सभाबाट आन्तरिक आय बाट कार्य गर्ने गरि विभिन्न योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन भएकोमा हाल सम्म जम्मा रु १४ लाख मात्र आय हुन आएको र प्रक्षेपण अनुसार आन्तरिक आय संकलन नभएको तर विनियोजित रकमबाट उपभोक्ताहरुले काम गरेको भनि भुक्तानी भाग भई रहेकोले आन्तरिक आय बाट व्यहोर्ने गरी विनियोजन भएका कार्यक्रमहरु मध्ये कार्यादेश पाई काम सम्पन्न भएका प्राविधिक मुल्याङ्कनको आधारमा भुक्तानी दिने गरी न.पा. वित्तिय समानीकरण अनुदान तर्फ चालु शिर्षकमा वचत हुने रकमबाट रु १०००००००।- न.पा. वित्तिय समानीकरण अनुदान पूँजिगत शिर्षकमा रकमान्तर गरी आन्तरिक आर्य तर्फका योजनाहरुको भुक्तानी गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रथम नगर सभाबाट आन्तरिक आय बाट अनुदान दिने गरी क्याम्पस र कम्प्यूटर शिक्षाको लागि रकम रु २८,५०,०००।- विनियोजन गरिएकोमा आन्तरिक आय बाट अत्यावश्यक रकम मात्र अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी आ.व.को वजेट तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा तपशिल बमोजिमका शिनपाका क्षेत्रगत नीति, योजना प्राथमिकताको आधार, नगरका समस्या तथा चुनौती र सवल पक्षको आधारमा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने निर्णय गरियो

## शितगंगा नगरपालिकाको क्षेत्रगत नीतिहरु

### १ पूर्वाधार सम्बन्धीः-

१. निर्मित पूर्वाधारको (सडक) स्तरोन्नती गरी सवै मौसममा सवारी संचालन हुन सक्ने बनाइने छ ।

१.२ निम्न सडक पूर्वाधारहरुलाई नगरको गौरवको आयोजनाको रुपमा संचालन गरिनेछ ।

क. सितापुर - सुवर्णखाल -मन्द्रे हुदै कालिकाठी (पाणिनी) जोडने सडक

ख. ठाडा- अमराई - जुकेना -जलुके - लामाता हुदै भालुवाङ्ग जोडने सडक

ग चाक्ला - बोहखर पाँकुरी हुँदै धानखोला जोडने सडक

घ भेडामारे - सिमलपानी - पावर विक्रम सोता हुँदे वैरिया (कपिलवस्तु) जोडने सडक

१.३ आगामी आ.व.मा नगरको गौरवका सडकहरुको स्तरोन्नती कार्यलाई प्राथमिकता दिइनेछ ।

१.४ नगरको गौरवका आयोजनाहरु नगरपालिकाबाट संचालन गरिनेछ ।

१.५ नगरपालिकाको भवन निर्माणको कार्य आगामी २ वर्ष भित्र सम्पन्न गर्ने गरी आवश्यक स्रोत विनियोजन गरिनेछ ।

१.६ वडा कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन एकिकृत भवन निर्माण प्रारम्भ गरिनेछ । पुनः संरर्चनापूर्व निर्मित वडा कार्यालयहरुलाई मर्मत संभार गरिनेछ भने नयाँ गठित वडाको भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।

१.७ नगरभित्र उत्पादित कृषि उपजको संरक्षण एवं कृर्षिक्षेत्रमा व्यवसायिकरणको लागि निजी र सरकारी क्षेत्रको साझेदारी अवधारणामा (कोल्ड स्टोर्स) शितगृह निर्माणको संभाव्यता अध्ययन गरिनेछ ।

१.८ सवै बस्तीहरुमा खानेपानी एवं सरसफाई सुविधा प्राथमिकताको आधारमा संचालन गरिनेछ ।

१.९ निर्मित खा.पा.आ.को मर्मत संभारको लागि **मर्मतसंभार कोषको** स्थापना गरिनेछ ।

१.१० कृषिको व्यवसायिकरणको लागि जनसहभागितामा आधारित सिंचाईको प्रवर्द्धन गरिनेछ ।

१.११ टोल वा बस्तीमा जुन ग्रामिण सडकहरुको स्तरोन्नतीको लागि लाभान्वित समुदायबाट, १५ प्रतिशत श्रमदान सुनिश्चितता भए पछि मात्र ८५ प्रतिशत रकम नगरपालिकाबाट व्यवस्था गरिनेछ ।

१.१२ छरिएको वस्तीलाई व्यवस्थित गरी पूर्वाधार निर्माण एवं आधाभूत सेवा प्रवाहमा सुनिश्चिताको लागि एकिकृत वस्ती विकासको लागि सम्भाव्यता अध्ययन गरी जग्गा अधिग्रहणको प्रक्रिया प्रारम्भ गरिनेछ ।

१.१३ श्रमदानको अतिरिक्त टोल बस्तीमा जाने ग्रामिण सडकहरु कम्तिमा २० फिट चौडाइको मापदण्ड तोकिएकोले बाटोको Alingment मा पर्ने जग्गामा जग्गाधनीहरुबाट निशुल्क जग्गा उपलब्ध हुने सुनिश्चितताको लिखित कागजात पेश गर्नु पर्नेछ ।

१.१४ कुनै पनि सडकमा बजेट निनियोजन गर्दा कम्तिमा ६० प्रतिशत बजेट (नाला, कल्भर्ट, कजवे, मेशिनरीवाल, ग्राभेल वा जाली भर्ने आदि) मा छुट्टाइनेछ ।

## २. आर्थिक विकास

२.१ कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ । २.२ संभाव्यता पहिचान गरी प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र अवधारण अवलम्बन्न गरिनेछ ।

२.३ कम्तिमा ५ रोपनी जग्गामा केरा लगाउने कृषकलाइ प्रति रोपनी रु ५०००।- का दरले २ वर्ष सम्म केरा अनुदान ५० वटा भन्दा बढी कागती वा फलफुलका बोट लगाएका कृषकलाई प्रतिबोट रु १५ का दरले २ वर्ष सम्म नगद अनुदान रकम उपलब्ध गराउन कृषि विकास अनुदान प्रवर्द्धर्न कोषको व्यवस्था गरिनेछ र कम्तिमा १००० वटा कागती उत्पादन गरेवापत प्रति के.जी. रु १० का दरले नगद अनुदान दिईने छ ।

२.४ निजी साना सिंचाई, पाखो सिंचाई एवं ग्रहा सुधार कार्यमा अनुदान उपलब्ध गराइने छ ।

२.५ समुदायमा आधारित कृषि उपजको बजारीकरणको लागि कृषि विकास कार्यक्रमबाट सहयोग उपलब्ध गराइने छ ।

२.६ पशु विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ । पशु विकासको लागि विशेष लक्षित एवं मागमा आधारित प्राविधिक सेवा सुलभ एवं सहज बनाइने छ ।

२.७ बाखा पालनलाई व्यवसायिक बनाउन खोर सुधारको लागि २० भन्दा बढी बाखा पालन किसानको व्यवसाय दर्ता गरी व्यवसायिकताको आधारमा नगद प्रोत्साहन प्रदान गरिनेछ र वार्षिक १०० के.जी. खसी बोकाको मासु उत्पादन गरेमा प्रति के.जी. रु ५० नगद प्रोत्साहान दिईनेछ र सो को लागि अनुदान कार्यविधि वनाई लागू गरिनेछ । साथै पोषिलो घास विकास कार्यक्रमलाई बाखा पकेट क्षेत्रमा अभियानकै रुपमा संचालन गरिनेछ ।

२.८ उन्नत गाई वा भैसी पालन व्यवसाय मार्फत रोजगार एवं स्वरोजगार प्रवद्धन गर्न कम्तिमा ५ वा सो भन्दा बढी उन्नत जातको गाई वा भैसी पालक किसानलाई प्रति गाई भैसी वरावर रु ५००० नगद प्रोत्साहन उपलब्ध गराइने छ। साथै विउको लागि रांगो पालक कृषकलाई वार्षिक नगद प्रोत्साहन गरिनेछ।

२.९ शितखोला, गंगाखोला एंव मन्द्रेखोलामा टाउट माछा व्यवसाय प्रवर्द्धनको लागि संरचना निर्माण स्थल सम्म सडक विद्युत जस्ता पूर्वाधार निर्माणमा शिनपाबाट सहयोग उपलब्ध गराइने छ। साथै अन्य क्षेत्रमा कम्तिमा २ रोपनी क्षेत्रफलमा माछापालक कृर्षकलाई पोखरी निर्माणको लागि प्रति रोपनी रु २००००।- नगद प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

२.१० कृषि उपजको बीउ उत्पादन एंव बजारिकरणको लागि साझेदार संस्थाहरुसँग सहयोगको लागि पहल गरिनेछ। साथै प्रति केजी मकै गहुको बीउमा रु १०, तरकारीको बीजमा रु ५० प्रति के.जी र धानजन्य बीउ उत्पादनमा रु १० प्रति के.जी. अनुदान दिईने छ।

२.११ सहकारीको प्रवर्द्धन गरी कृषि एवं पशु पालनमा सहयोग पुऱ्याइने छ।

२.१२ प्रत्येक वडामा कम्तिमा एक /एकवटा कृषि एवं पशु व्यवसायमा आधारित सहकारी विकास गरिने छ।

## ३ सामाजिक सेवा

३.१ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान विद्यालयहरु मर्ज,शिक्षक तालिमलाई विशेष प्राथमिकता साथ संचालन गरिने छ।

३.२ प्रत्येक वडामा लिडिङ विद्यालय तोकी सो को संयोजनमा अन्य विद्यालयहरु वीच विद्यार्थी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

३.३ शिक्षण गुणस्तर सुधारको लागि विद्यालयमा पठनपाठनको निरन्तरता नियमितता , शिक्षकहरुको हाजिरि नियमित उपस्थिति आदिमा सुधारको लागि वडा समितिमा र विद्यालयको नियमित मासिक वैठक गरिनेछ । साथै शिक्षकहरुको तलव भुक्तानी प्रक्रिया वडाध्यक्षको सिफारिसमा माात्र गर्ने नीतिलाई निरन्तरताा दिईने छ।

३.४ विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर जस्ता आधारभुत पूर्वाधारमा लगानी बढाइने छ।

३.५ छरिएका बस्तीका विद्यार्थीहरुलाई विद्यालयमा आर्कषण गर्न आवासीय विद्यालयको स्थापना एवं संचालन को लागि संभाव्यता अध्ययन, भवन निर्माणको कार्य प्रारम्भ गरिनेछ।

२.६ शैक्षिक गुणस्तर सुधारको लागि नगरभित्रका विद्यालयको उत्कृष्ठ विद्यालय एवं शिक्षक छनौट गरी पुरस्कृत एवं नगर शिल्ड उपलब्ध गराइने छ ।

२.७ नगर भित्र संचालन हुने सवै खेल कुदको लागि शिक्षा तथा खेलकुद शाखाबाट वार्षिक कार्यकम बनाई एकद्धार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुऱ्याइनेछ।

२.८ प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयमा अग्रेजी माध्यमबाट पठन पाठन संचालनको लागि करार सम्झौता गरिनेछ।

## ४. बन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन

४.१ पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री बनाइने छ।

४.२ वातावरण संरक्षणको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

४.३ प्रत्येक वडामा १ वर्षमा कम्तिमा ५ वटा रिचार्ज पुर्नभरण पोखरी निर्माण गरिनेछ।

४.४ पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ।

४.५ विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको स्थापना गरिने छ । विपद व्यवस्थापन कार्य विधिको मापदण्ड बमोजिम एकद्वार माध्यमबाट विपद परेकाको तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ । वडा एवं बस्ती स्तरमा विपद व्यवस्थापनको लागि नागरिक परिचालन गर्न वडा र वस्ती स्तरीय विपद व्यवस्थापन समिति गठन गरिने छ ।

४.६. प्रत्येक वडामा बहुउदेश्यीय नर्सरी सार्वजनिक निजी साझेदारी संचालन गरिनेछ ।

४.७. सामुदायिक वन उपभोक्ता सवै सामुदायिक वन उपभोक्ता समितिलाई नगरपालिकामा आवद्ध गराईने, नगरपालिकाबाट सा.व.को वार्षिक कार्यक्रम र वजेट स्वीकृत नगराई सा.व.हरुले कुनै पनि क्रियाकलाप सञ्चालनमा रोक लगाईने छ ।

४.८ सा.व.बाट काठ दाउरा जस्ता वन जन्य उपज विक्री वितरणमा नगरपालिको सहमती दिनु पर्नेछ ।

४.९ विपद न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

## ५ सुशासन तथा संस्थागत विकास

५.१ सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कार्यविधि बनाइ लागू गरिनेछ । कर्मचारीहरुको आचार संहिता लागू गरिनेछ । पदाधिकारीहरुको लागि पारित मापदण्डको व्यापक प्रचार प्रसार गरिनेछ ।

५.२ कार्यपालिकाको निर्णय ४८ धण्टा भित्र सार्वजनिक गरिनेछ ।

५.३ प्रत्येक महिनाको आयव्यय विरवरण सार्वजनिक गरिनेछ । कार्यालयमा गुनासो पेटिका गुनासो सुनुवाई संयन्त्र एवं नागरिक वडापत्रको व्यवस्था गरिने छ । उक्त अभ्यासलाई वडातह सम्म संस्थागत गरिनेछ ।

५.४ विभिन्न शाखामा स्वीकृत दरबन्दी बमोजिम न.पा. बाट पारित करार सेवा निर्देशिका बमोजिम प्राविधिक जनशक्ति स्वच्छ प्रतिस्प्रर्धाको आधारमा भर्ना गरिनेछ ।

५.५ खरिद गुरुयोजना तयारी गरी सोको खरिद व्यावस्थापन गरिनेछ ।

५.६ लक्षित कार्यक्रम, सीपमुलक तालिम जस्ता कार्यक्रम एकद्धार प्रणालीमा न.प बाट मात्र निर्धारित मोडलमायस्ता कार्यक्रमलाई संचालन गरिनेछ ।

५.७ न.पा. तथा वडा बाट खरिद भएका जिन्सी सामग्रीहरुको अभिलेख सार्वजनिक गरिनेछ ।

५.८ जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासको लागि क्षमत विकास कार्यक्रम संचालन गरिनेछ ।

५.९ न.पा.को Website Update गरी Website मार्फत सवै निर्णय, सूचनाहरु सार्वजनिक गरिने छ ।

## नगरका विद्यमान समस्याहरु

१. **भौगोलिक विकटता एवं छरिएको बस्ती** : भौगोलिक रुपमा नेपालकै सवैभन्दा ठुलो क्षेत्र रहेको न.पा.को भौगोलिक अवस्था अत्यन्त जटिल रहेको छ भने बस्ती बसोबास अत्यान्त छरिएको छ । शिक्षा ,स्वास्थ्य, खानेपानी एव सरसफाइ जस्ता आधारभुत सेवाहरुमा सवै जनताको पहुँच सुनिश्चित गराउन नगरले व्यापक स्रोत साधनको परिचालन गर्नु बाध्यता रहेको छ । यसको अतिरिक्त ती सेवा सुविधाको निरन्तरता एवं गुणस्तरियताको लागि अनुगमन गर्न समेत कठिनाई रहेको छ । अन्यान्त छरिएको सवै वस्तीमा ग्रामिण सडक विस्तार एवं स्तरोन्नतिको लागि पनि नगरको स्रोत साधन उल्लेख्य रुपमा विनियोजन गर्नु पर्ने बाध्यता रहेको छ ।

२. **बसाइसराइको क्रम तिव्र रहनु :** नगरका अधिकांश वडाहरुबाट उच्च दरले बसाई सराइ हुँदा एकातिर उपलब्ध एवं निर्मित संरचनाहरुको उपयोग न्यूनरहेको छ भने अर्कोतिर ती स्थानहरु रहेका जनतालाई आधारभुत सेवा सुविधा एवं पहुँचलाई कायम राखिरहनु पर्ने भएकोले खर्चको प्रभावकारीता कमजोर बनेकोछ ।

३. **कार्यक्रयमको दोहोरोपना :** एकै प्रकारका कार्यक्रमहरु नगरपालिका, वडा कार्यालय, विषयगत शाखा तथा कार्यालय, गैससहरुबाट संचालन हुँदा एकातिर कतिपय वडाहरुमा जनता वंचित रहने आर्कोतिर अवसर लिइरहेका जनताले उक्त सुविधाहरुको थप बृद्धि वा निरन्तरताको लागि माग र दवाब बढ्ने प्रवृति बढदो क्रममा रहेको छ ।

४. **निर्मित पूर्वाधार दिगो नबन्नु** : अनियन्त्रित एवं लहडको भरमा उपयोगको पक्षलाई ध्यान नदिई, प्राविधिक पक्षलाई समेत वेवास्ता गरी निर्मित ग्रामिण सडकहरु अधिकांश ग्रेड नमिलेका, सामान्य मर्मत संभार एवं अत्यावश्यक पूर्वाधारको अभावमा वर्षादको पानीले सडकलाई क्षतविक्षत बनाउने, हिउदमा सडक संचालनको लागि मात्र लाखौं रुपैया खर्चिनु पर्ने वाध्यता रहेको छ । यसै गरी धेरै खा.पा. आयोजनाहरु सामान्य मर्मत संभारको अभावमा उपयोग विहिन वा अवरुद्ध भएका छन भने खानेपानीका पाइपहरु माटोमा नपुरिदा पाइपको दुरावस्था छदैछ । यसै गरी पाईपहरु यत्रतत्र छरिदा बस्तीहरु समेत कुरुप बन्दै गएका छन । नयाँ आयोजना संचालनमा स्थानीयको चासो बढ्ने तर पुराना संरचनाहरु मर्मतमा नगपालिकामा अत्याधिक निर्भरताले नगरको दायित्व अस्वभाविक रुपमा बढदै गएको छ ।

५. **जनसहभागिता औपचारिक तथा सिमित हुन पुगेको :** नगरपालिकाको समग्र अवस्था पिछडिएको ग्रामिण क्षेत्र जस्तो भएकाले विकास निर्माणमा उपभोक्ता समिति मार्फत न्यूनतम १५ % जनसहभागिता हुने नगरपालिकाको नीति रहेको भएता पनि खानेपानी एवं सिचाई क्षेत्रका आयोजना (जहाँ डोजर लगाउन नसकिने) आयोजनमा मात्र केही अंशमात्र जनसहभागिता भएता पनि ग्रामिण सडक निर्माणमा जनसहभागिताको अंश कागजातमा सिमिति हुन पुगेको छ। फलस्वरुप : बहुसख्यक ग्रामिण सडकको अवस्था दयनिय देखिन्छ ।

६. **नगरपालिका एंव वडा कार्यालयहरुको आफ्नो भवन नहुन :** नवगठित नगरपालिका भएको, न.पा.को केन्द्रमा कुनै पनि सरकारी भवन वा घरहरु नहुनुका अतिरिक्त नयाँ गठन भएका वडाहरुमा सेवा प्रवाहको लागि भाडामा लिनको लागि पनि उपयुक्त निजीघरहरु समेत नहुँदा आधारभुत सेवा प्रवाह एवं विकास निर्माण एवं शुसासनका पक्षहरुमा समेत समस्या रहेको छ ।

७. **जनशक्तिको सिमितता** : यस न.पा.को लागि स्वीकृत संगठन संरचना अनुरुप जनशक्ति नहुँदा नगरपालिकाले विकास निर्माण एवं आधाभुत सेवा प्रवाह लगायतका क्षेत्रमा व्यापक समस्या हुन पुगेको छ । सिमित जनशक्तिले असिमित काम गर्नु परेको हुँदा समग्र कार्य सम्पादन एवं शुसासन प्रवर्द्धन कठिनाई भएको छ ।

८. **हरेक विषयमा राजनितिकरण** : नगरपालिका भित्र संचालन हुने हरेक गतिविधिमा योग्यता क्षमता दक्षता आवश्यकता एवं औचित्यता भन्दा राजनैतिक आरोप प्रत्यारोप दलिय वा वडागत भागवण्डाको विगत देखी मौलाउदै आएको अभ्यासले नगरको समृद्धिमा चुनौति खडा भएको छ ।

**विद्यमान चुनौतिहरु :-**

१. निर्मित एवं निर्माधिन पूर्वाधाको दिगो व्यवस्थापन गर्नुपर्ने करोडौ लगानी गरी निर्मित एवं निर्माणधिन पूर्वाधारहरु मर्मत संभार एव उपयोग तथा दिगोपानाको सुनिश्चितता ।

२. कार्यक्रमको प्राथमिकिकरण र एकरुपता एवं एकद्धार प्रणाली कायम गर्नुपर्ने, वडास्तरबाट समेत विकास कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने, तत्काल सम्पन्न गर्न सकिने र धेरै जनता लाभान्वित हुने आयोजनामात्र वार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने ।

३. आयोजना कार्यक्रमको संख्या घटाउनुपर्ने, धेरै आयोजना भन्दा थोरै कार्यान्वयन गर्न सकिने तत्काल गर्नुपर्ने आयोजनाहरु मात्र वार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने ।

४. जनसहभागिताको अधिकतम परिचालन गर्नुपर्ने, उपभोक्ता समितिहरुको माध्यमबाट संचालन हुने योजनाहरुमा जनसहभागिताको मुल्यामान्यता एवं सिद्धान्त बमोजिम गर्नु पर्ने ।

५. नगरकार्यपालिका र नगरसभाका विषयगत समितिहरुको सक्रियता बढाउनु र समितिहरुलाई जिम्मेवार बनाउनु पर्ने ।

६. संस्थागत क्षमता अधिवृद्धि गर्नु पर्ने, जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी नीतिगत विषय एवं कार्यान्यवन अनुगमनमा जिम्मेवार तुल्याउनु पर्ने ।

७. अत्यावश्यक प्रशासनिक एवं प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नु पर्ने, आधारभुत सेवा प्रवाह एवं विकास निर्माणको लागि अत्यावश्यक जनशक्ति व्यवस्थापन गर्नु पर्ने ।

८. विकासका साझेदारहरुलाई न.पा.को विकास निर्माण प्रक्रियामा मूल प्रवाहिकरण गर्न दर्ता, नविकरण, साझेदारीको क्षेत्र एवं Modality निर्धारण गरी अनुगमन एवं मूल्याङ्कनकार्यलाई नतिजामुलक बनाउनु पर्ने ।

९ न.पा.को लागि अत्याबश्यक ऐन, कानून, मापदण्ड, कार्यबिधि तयार गर्नुपर्ने साथै आबश्यक नीतिगत विषयका मस्यौदाहरु तयारी गरी सरोकारवालाहरुसँग छलफल गराई आधिकारीक निकायहरुबाट स्वीकृति गराउने र सो बिषयमा नगरबासिहरुलाई सूचित गर्ने ।

१०. नगरको आन्तरिक आम्दानी अभिबृद्धि गर्नुपर्ने, बनजन्य, नदिजन्य, खानीजन्य, व्यवसाय दर्ता गरी एकिृत सम्पत्तिकर, नक्सापास जस्ता राजश्वका नयाँ र सम्भावित क्षेत्रहरु पहिचान गरी राजश्व परिचालनलाई उच्च महत्व दिनुपर्ने ।

११. रोजगारी एवं स्वरोजगारीका अवसर बृद्धि गर्नको लागि कृषि र पशुपालनलाई व्यवसायिकरण गरी उत्पादनमा अनुदान दिने नीति अवलम्बन गर्नुको अतिरिक्त वजारीकरणमा विशेष लगानी गर्नुपर्ने ।

१२. उपभोक्ता समितिहरुलाई सक्षम, जिम्मेवार एवं उत्तरदायी तुल्याउनु क्षमता विकास कार्यक्रम सञ्चालन गरी स्थानीय पूर्वाधारहरु जस्तै सडक, मठ मन्दिर, खानेपानी तथा सरसफाई, सिचाई, विद्यालय, स्वास्थ्य केन्द्र आदी जस्ता आयोजनाहरुको नियममित मर्मत संभारको कार्यक्रम संचालन गर्नु पर्ने ।

**सवल पक्षहरु : -**

१.२.१ स्थानीय तहको निर्वाचन पश्चात नगरपालिका देखि वडा बस्ती स्तरसम्म राजनैतिक सक्रियता बढेको छ ।

१.२.२ ठुलो बन क्षेत्र, चुरे क्षेत्र भएर बग्ने दर्जन भन्दा बढी खोला नालाको गिट्टी, बालुवा, ग्राभेल र मिक्सरको उपलब्धता र कपिलबस्तु तथा रुपन्देहीमा नदीजन्य उपजको उच्च माग रहनु ।

१.२.३ कृषि र पशुपालनको लागि धेरै कृषियोग्य खेतका फाँटहरु, चरनक्षेत्रहरु वनजंगल, झाडीको पर्याप्तता रहनु ।

१.२.४ बमौसमी तरकारी तथा पलफुलको लागि उपयुक्त बातावरण तथा नजिकै रहेको तराई एवं भारतिय सीमा सम्मको बजारको उपलब्धता ।

१.२.५ आम नगरबासीहरुमा विकास प्रतिको बढ्दो सक्रियता एवं जागरण का साथै बैदेशिक रोजगारबाट फर्केका युवाहरुमा व्यावसायिक कृषि तथा पशु पक्षि पालनमा बढ्दो आर्कषण ।

१.२.६ पर्यटन क्षेत्रको विकासको लागि सुपादेउराली लगायत धेरै मठ मन्दिर, विभिन्न जात्रा, होमस्टे आदीको संभावना रहेको साथै गर्मीको समयमा गोरुसिङे -सन्धिखर्क सडक आसपास यस न.पा.को क्षेत्रमा होटेल रेष्टुरेन्ट लगायतका व्यावसायका लागि अत्यान्त अनुकुल वातावरण रहेको ।

१.२.७ शि.न.पा./स.न.पा. र पाणिनी गाउँपालिकाको सीमा क्षेत्रमा महाभारत श्रृखलाको घार हुँदै अत्यान्त रमणीय एवं आर्कषण पदयात्राको उच्च संभावना रहेको ।

१.२.८ नियमित खाद्यवालीको अतिरिक्त उच्च मुल्यका कृषिजन्य उपजहरु (फापर दलहनवाली, आदिको) उच्च संभावना रहेको ।

१.२.९ उलेख्य परिमाणमा विप्रेषण यस नगर पालिकाको क्षेत्रमा भित्रिने भएकाले सो विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न सकिने सम्भावन ।

१.२.१० तराईबाट नजिकै रहेको र अनुकुल जलबायु भएकाले कुखुरा पालन व्यवसाय उच्चदरमा बढदै गएको ।

१.२.११ मौरीपालन व्यवसायको लागि सवै बस्तीहरुमा उच्च संभावना भएको साथै धेरै कृषकहरु आकर्षित समेत भएका अवस्था ।

१.२.१२ न.पा.का वडा नं.८, ९, ११, १२, १३ र १४ को केही भू-भाग भावर क्षेत्रमा रहेकाले व्यवसायिक रुपमा केरा, आँप, लिचि जस्ता फलपलुल खेतीको विकासको उच्च संभावना रहेको ।

१.२.१३ बुटवल, गोरुसिङ्गे, चन्द्रौटा, कृष्णनगर जस्ता ठुला बजार क्षेत्रमा Access सहज रहेको ।

१.२.१४ नगरपालिका भएर जाने करिव ४० कि.मी. कालोपत्रे सडक, सवै वडा एवं बस्तीहरका कम्तिमा मौसमी ग्रामिण सडकको उपलब्धता ।

१.२.१५ बाषिज्य तथा अन्य विकास बैंकहरु, इलाका प्रहरी कार्यालय, नेपाली सेनाको गुल्म नगरपालिका नजिकै रहेकोले विविध विषयमा सहजता ।

**आयोजना प्राथमिकिकरणका आधारहरुः-**

आगामी आ.व.०७५/०७६ को लागि वार्षिक आयोजना प्राथमिकथा गर्न निम्न आधारहरु अवलम्बन गरिएको छ ।

१.४.१ निर्मित पुर्वाधारहरुलाई दिगो व्यवस्थापन मार्गदर्शन रुपमा संचालन गरिने छ ।

१.४.२ नगरगौरवका आयोजनालाई उच्च प्राथमिकरणका साथ सञ्चालन गरिने छ ।

१.४.३ रोजगारी एवं स्वरोजगारीका उच्च संभावनाकायुक्त क्षेत्रहरु कृषि, पशुपालनलाई विशेष प्राथमिकरण गरिने छ ।

१.४.४ निर्मित संरचनाहरु (विद्यालय, स्वाथ्यचौकी, खानेपानी आयोजना आदि) को मर्मत संभार एवं संचालनलाई विशेष महत्वका साथ संचालन गरिने छ ।

१.४.५ कृषि र पशुपालन व्यवसायमा आधारित कम्तिमा प्रत्येक वडामा १ सहकारी संस्थाको स्थापना एवं संस्थागत विकास गरिने छ ।

१.४.५ महिला/आदिवासी जनजाती/अपाङ्ग/दलित जस्ता लक्षित कार्यक्रम एकद्वार प्रणालीबाट संचालन गरिने छ ।

१.४.६ स्थानीय श्रम सीप स्रोत र साधनको अधिकतम परिचालन गरिने छ ।

१.४.७ संभाव्यताको आधारमा पकेट क्षेत्र तोकी स्थानीय स्तरमै रोजगारीलाई अवसरहरु श्रृजना गरिने छ । १.४.८ सुशासनका आधारभुत मान्यताहरुलाई सवै कार्यक्रम संचालनमा आन्तरिकीकरण गरिने छ ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आ.व.को वजेट तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा तपशिल बमोजिमको मार्ग दर्शनमा आधारित रही वडा कार्यालयहरुलाई कार्यक्रम तर्जुमाको लागि पठाउने निर्णय गरियो ।

**वडास्तरीय योजना/कार्यक्रम प्रस्ताव गर्दा अपनाउनुपर्ने मार्गदर्शनहरुः-**

१. नयाँ सडक निर्माण तथा पुराना सडकको लम्बाई विस्तार भन्दा निर्मित सडकको स्तरोन्नतीको लागि प्राथमिकता दिनु पर्नेछ ।

२. चालु भएका सडक पूर्वाधारको बजेटको कम्तिमा ६० प्रतिशत बजेट स्टक्चर निर्माण (मेशिनेरी पर्खाल, जालीभर्ने, पिचिङ गर्ने, ग्राभेल गर्ने नाली निर्माण जस्ता स्थानीय स्तरमा रोजगारी सृर्जना हुने कार्य) गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ ।

३. सडकको विस्तारको कार्यक्रम प्रस्ताव गर्दा सडक Alignment मा पर्ने जग्गा धनीहरुबाट निःशुल्क रुपमा जग्गा उपलब्ध हुने गरी मागकर्ताबाट लिखित सहमति समावेश गर्नु पर्नेछ । साथै कुनै पनि स्थानीय सडक कम्तिमा २० फिट चौडाईको हुनुपर्नेछ र भित्री ग्रामीण सडकको केन्द्रबाट ३/३ मिटर दायाँ बायाँ विस्तार हुने सुनिश्चितता कायम गर्नु पर्नेछ ।

४. सिचाई कुलोको कार्यक्रम प्रस्ताव गर्दा खेतियोग्य जमिनको क्षेत्रफल, जमिन बाँझो नरहेको क्षेत्र र कृषकहरुको सक्रिय सहभागिता हुने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । साथै कम्तीमा १५ प्रतिशत श्रमदानको सूनिश्चितता हुने पर्ने छ ।

५. खानेपानीका योजना प्रस्ताव गर्दा निर्माण सामग्री, दक्ष मिस्त्री बाहेक अन्य कार्य उपभोक्ता समितिबाट हुने सुनिश्चिता हुनु पर्नेछ । साथै उ.स. बाट १५% जनसहभागिता जुटाउने गरी माग भएको कार्यक्रम /योजनालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

६. कृषि र पशु विकासको कार्यक्रममा पकेट क्षेत्र तोकी पेश गर्नु पर्नेछ । यी दुबै क्षेत्रको कार्यक्रम कृषि वा पशु विकास शाखाको सहजिकरणमा कार्यान्वयन गरिने छ ।

७. लक्षित कार्यक्रमको प्रस्ताव गर्दा कार्यक्रमको नाम, संचालन गरिने स्थान, लाभान्वित/लक्षित घरपरिवार संख्या, अनुमानित लागत सहितको अलग सिट संलग्न गर्नु पर्नेछ । लक्षित कार्यक्रमहरु वडा/नगरपालिका मार्फत संचालन गरिने छ

८. कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) बस्ती स्तरमा सम्बद्ध सरोकारवालाहरुको व्यापक सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ । भेलाको निर्णय सहितको माइन्यूटको फोटोकपी सहित पेश गर्नु पर्ने छ ।

९. बस्ती स्तरबाट प्रस्तावित आयोजना/कार्यक्रमहरुलाई वडा समिति एवं सरोकारवालाहरुको व्यापक सहभागिता वडास्तरिय आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ ।

१०. कार्यक्रम प्रस्ताव गर्दा ५ वटै विषयगत क्षेत्रलाई समावेश गरेको हुनु पर्ने छ । वडाबाट छनौट भएका आयोजनाहरुको अनिवार्य रुपमा क्षेत्रगत प्राथमिकीकरण गर्नु पर्नेछ । साथै रकम उल्लेख गर्नु पर्नेछ ।

११. प्रशासनिक खर्च, तालिम खर्च, कार्यालय संचालन एवं व्यवस्थापनको लागि न.पा. बाटनै बजेटको व्यवस्थापन गरिने भएकाले यस्ता प्रशासनिक वा कार्यालय संचालन जस्ता कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

१२. चालु आ.व.मा दायित्व रहेको वा विगत देखी भुक्तानी दायित्व रहेको भनि कुनै कार्यक्रम प्रस्ताव गर्न पाईने छैन् ।

१३. वडाबाट गर्न नसकिने प्रकृतिका जटिल संरचना, लागत धैरै हुने, धेरै जनता लाभाविन्त हुने र स्थानीय रोजगारीमा वृद्धि हुने प्रकृतिका कार्यक्रमहरुको अलग सूची संलग्न गरी पेश गर्नु पर्नेछ ।

१४. हरेक कार्यक्रमको चौमासिक कार्यसूची (चौमासिक बजेट विभाजन सहित) वडा कार्यालयबाटै पेश गर्नु पर्नेछ ।

१५. वडा कार्यालयबाट आयोजना/कार्यक्रम सूची नगर कार्यपालिकामा पेश गर्दा वडा समितिका सदस्यहरुको हस्ताक्षर संलग्न हुनु पर्नेछ ।

१६. सामुदायिक मान्यतामा आधारित कार्यक्रमको सूची पेश गर्दा प्रस्तावित कार्यक्रमको विस्तृत ढाचाँ संलग्न गर्नु पर्नेछ । यस्ता कार्यक्रम न.पा.ले योजनाको संभाव्यता एवं आवश्यकताको आधारमा समानुपातिक एवं न्योचित ढंगले खर्चको मापदण्ड भित्र रही उपलब्ध गराउनेछ ।

१७. पूर्वाधार निर्माणमा Cbio -gineering (वायो इन्जिनियरिङ्ग) को लागि सडक आसपासमा पशु आहारामा सहयोगि हुने घास वा विरुवा रोप्ने कार्यक्रम समावेश गरेको हुनु पर्नेछ ।

१८. प्रत्येक वडामा कम्तिमा १ उवा भित्रको उपयुक्त स्थानमा न.पा र निजी क्षेत्रको सहभागिता हुने गरी बहु उपयोगी नर्सरी कार्यक्रम समावेश गर्नु पर्नेछ ।

१९. प्रत्येक वडामा भू-संरक्षण तथा जलाधार संरक्षणको कार्यक्रम समावेश गर्नु पर्नेछ ।

२०. प्रस्तावित सवै कार्यक्रम कार्यान्वयनको प्रकृया (ठेक्का/उपभोक्ता/निजिक्षेत्र) पनि खुलाउनु पर्नेछ ।

२१. उल्लेखित योजना तर्जुमाको लागि बजेट :- बस्ती स्तरको योजना संकलन गर्ने छलफल तथा बैठकको लागि प्रत्येक क्लस्टरको रु ५००० ।- र वडा स्तरीय छलफल तथा बैठक को लागि एकमुष्ठ रु ३०००० गरी प्रति वडाको लागि जम्मा रु ५०००० पेश्की स्वरुप उपलब्ध गराइने छ ।

२२. वडाबाट पेश हुने अन्तिम कार्यकम अनिवार्य रुपमा न.पा.बाट उपलब्ध गराईएको फाराममा भरी पेश गर्नु पर्नेछ ।

२३. सडक कालोपत्र गर्दा उपभोक्ताको ३० प्रतिशत नगद सहभागिता भएमा ३० प्रतिशत र ७० प्रतिशतको कार्यक्रम संचालन गरिने छ ।

२४. कुनै पनि योजना न्यूनतम रु १०००००।- भन्दा कम बजेट विनियोजन गरिने छैन् ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका निम्न वडाहरुबाट कार्यकम संसोधन गरि दिन भनि वडा बाट माग भई आएकोले निम्न वडाको निम्न अनुसारको कार्यकम संसोधन गर्ने निर्णय गरियो ।

वडा नं. ३ तर्फ

| साविकको योजना/कार्यकम (हटाईएको कार्यकम) | रकम | संसोधन गरी कायम गरिएको योजना/कार्यकम | रकम |
|---|---|---|---|
| जर्सिगाई पालन प्रोत्साहान | ७५००० | खर्सकाका किसानलाई दुध संकलनको लागि डि फ्रिज खरिद | ५०००० |
| विपद व्यावस्थापन | ४०००० | खर्सका छाना विस्थापीत कार्यकम | ६०००० |
| ठूला पधेरा थर्पु मो.वा. | ५०००० | पाणेगैरा कुवाखोला खोल्टेपानी मो.वा. | २५००० |
| | ० | खोर सुधार कार्यकम | ३०००० |
| प्राथमिक स्वास्थ्य केन्द्र ठाडा घडेरी निर्माण (नगरपालिका तर्फका को) | ५००००० | पाणेगैरा खर्सका मो.वा. | ५००००० |
| | ६६५००० | | ६६५००० |

वडा नं. ७ तर्फ

| साविकको योजना/कार्यकम (हटाईएको कार्यकम) | रकम | संसोधन गरी कायम गरिएको योजना/कार्यकम | रकम |
|---|---|---|---|
| स्थानीय संस्कृती संरक्षण कार्यकम | १६०००० | मगराकोट भगवती मन्दिर संरक्षण | १६०००० |

वडा नं. ५ तर्फ

| साविकको योजना/कार्यकम (हटाईएको | रकम | संसोधन गरी कायम गरिएको | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्यक्रम) | | योजना/कार्यक्रम | |
| करापु ठूलापोखरा पोखरी निर्माण डाडागाउ आटारी भुसालेखोला पधेरो सम्म मो.वा. | ७५००० | शैक्षिक रामाग्री खरिद | ७५००० |

वडा नं. ५ (आन्तरिक तर्फको)

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरी कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| भुमिकास्थान पोखरी मो.वा. | २५०००० | चाक्ला गल्दा जुकेना मो.वा. | ५००००० |
| सितखोला पुलका मुख फलाटे हुदौ गल्दा मो.वा. | २५०००० | | |
| भुमिकास्थान खर्क मो.वा. | १५०००० | ठाडा जुकेना मो.वा. नाली निर्माण | १५०००० |

वडा नं. ४ तर्फ

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरी कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| दुई भन्दा बढी उन्नत जातका गाई भैसी दुग्ध व्यवसायी प्रोत्साहान स्वरुप म्याचिङ्ग फण्ड | १२५००० | दुई भन्दा बढी उन्नत जातका गाई भैसी दुग्ध व्यवसायी प्रोत्साहान | १२५००० |
| जुकेनापनी खा.पा. टंकी निर्माण (नगर तर्फको) | २००००० | काउलेखोला खा.पा. टंकी निर्माण तथा पाईप लाईन विस्तार | २००००० |
| भेडामारे गल्देलीटोल मोटर बाटो मर्मत | ३०००० | भेडामारे गल्देलीटोल खा.पा टंकी नि. | ३०००० |
| तरकारी खेती तथा व्यवसायिक प्रोत्साहान | ५०००० | साविक ठाडा ३ र ४ खानेपानी योजना मर्मत थप | ५०००० |
| जम्मा | ४०५००० | जम्मा | ४०५००० |

वडा नं. ११ तर्फ

| साविकको योजना/कार्यक्रम (हटाईएको कार्यक्रम) | रकम | संसोधन गरी कायम गरिएको योजना/कार्यक्रम | रकम |
|---|---|---|---|
| केरा वेसार तरकारी तालिम | २५०००० | आप लिचीका विरुवा वितरण र तरकारी विउपल वितरण | २५०००० |

नगरपालिका पशु शाखा को च.नं. ११२ को पत्रबाट पशु शाखा तर्फको निम्न कार्यकमहरु हटाई औषधि खरिद तथा फर्निचर शिर्षकमा विनियोजनको लागि अनुरोध भई आएकोले निम्न कार्यकम हटाई तपशिलका कार्यकको लागि कार्यकम तथा रकम संसोधन गर्ने निर्णय गरियो ।

**<u>हटाउने कार्यकमहरु</u>**

| | |
|---|---|
| १. अन्तर जिल्ला कृषक भ्रमण | रु ५०००००।- |
| २. कृषिक गोष्ठी ४ | रु १२०००।- |
| ३. सहायक स्तर पशु सेवा असल अभ्यास तालिम १ | रु १५०००।- |
| ४ प्रशिक्षक प्रशिक्षण तालिम १ | रु १५०००।- |
| ५. कृषक स्तर शिप विकास क्षमता अभिबृद्धी क्षे स्तर तालिम १ | रु १५०००।- |
| ६. गाई भैसी पालन तालिम १ हाते | रु १५०००।- |
| ७. चरन तथा पशु आहार व्यवस्थापन तालिम १ | रु १५०००।- |

**जम्मा रु ६९५०००।-**

**<u>उल्लेखित हटाईएको रकमबाट गर्ने कार्यकमहरु</u>**

| | |
|---|---|
| १. तालिम हल व्यवस्थापन कुर्सी खरिद | रु ९५०००।- |
| २. औषधि खरिद | रु ६०००००।- |

**जम्मा रु ६९५०००।-**

कृषि शाखा तर्फको

**<u>हटाउने कार्यकमहरु</u>**

| | |
|---|---|
| १. आन्तरिक जिल्ला कृषक भ्रमण | रु ५०००००।- |
| २. प्रतिशत अनुदानमा उन्नत मकै वितरण | रु १३१०००।- |
| ३. प्रतिफलमा आधारीत प्रोत्साहन अनुदान | रु ५०००००।- |

**<u>उल्लेखित हटाईएको रकमबाट गर्ने कार्यकमहरु</u>**

१ कृषि उत्पादन बृद्धिकोलागि स्प्रीङ्गकल सिंचाईको पाईप खरिद २५/३२ मीमीको एचडिपी पाईप खरिद रु ५०००००।-

२. प्रतिशत अनुदानमा आधुनिक मौरीघार खरिद तथा वितरण रु २५००००।-

३. तरकारी उन्नत वीउ खरिद तथा वितरण रु १३१०००।-

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. ०७४/०७५ मा को स्वकृत कार्यक्रम तर्फको बजेट बाट विभिन्न साईजको एच.डि.पी पाईप खरिद भएकोमा उक्त पाईप मध्ये प्रत्येक वडा वडा अध्यक्षले निम्न बमोजिमको पाईप वडामा लागि खानेपानी मर्मत तथा खानेपानीको लागि वितरण गरी सो को भरपाई यस नगरपालिकामा पेश गर्ने

(क) २० एम.एम को एचडिपी पाईप १००० (एक हजार) मीटर

(ख) २५ एम.एम.को एचडिपी पाईप ४०० (चार सय) मीटर

(ग) ३२ एम.एम को एचडिपी पाईप २०० (दुई सय) मीटर

(घ) ४० एम.एम.को एचडिपी पाईप १०० (एक सय) मीटर

साथै नगरकार्यपालिकाका प्रत्येक सदस्यहरुले २० एम.एम.को ३०० (तीन सय) का दरले वितरण गरी सो को भरपाई नगर पालिकामा पेश गर्ने र बाँकी रहेको पाईपहरु नगरपालिबाट तोक आदेश बमोजिम वितरण गर्ने ।

निर्णय न. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आधारभुत स्वास्थ्य सेवालाइ प्रथमिकता दिइ न.पा.को भौगोलिक अवस्था, वसोबास, जनघनत्व, हाल विध्यमान स्वास्थ्य संस्था र सामुदायिक केन्द्रबाट प्रदान गरेको सेवा सुबिधालाइ समेत मध्यनजर गरी तपशिल बमोजिमका स्वास्थ्य र सामुदायिक केन्द्रहरुमा तपशिल बमोजिमको जनशक्ति व्यवस्थापन गर्न सामाजिक विकास समितिबाट सिफारीस भई आएकोमा सो बमोजिम स्वास्थ्य सेवाको लागि करार सेवा लिन तपशिल बमोजिमको दरवन्दी र तलव सुविधा स्वीकृत गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(क) करार सेवामा लिइने कर्मचारीहरु नगरपालिकाको करार सेवा कार्यविधि वमोजिम सार्वजनिक सूचना गरी तदअनुरुप छनौट गर्ने ।

(ख) स्वास्थ्य सेवाको समान पदका सबै कर्मचारीहरुलाइ सेवा सुबिधा समानता हुने गरी आगामी आ.व. को लागी निम्नानुसारको तलव भत्ता व्यवस्था गर्ने ।

(ग) स्थायी कर्मचारीको हकमा नेपाल सरकारले तोकेबमोजिम सेवा सुविधा दिने ।

(घ) करार सेवा तर्फ अ.हे.व./अ.न.मी./ल्या.अ. मासिक रु १५,०००।-का दरले १३ महिनाको सुविधा दिने ।

(ङ) करार सेवा तर्फका का.स.को त/भ मासिक रु १०,०००।- का दरले १३ महिनाको सुविधा दिने ।

## शितगंगा अर्न्तगतका स्वास्थ्य र्तफका स्थायी कर्मचारीको अनुमानित तलब विवरण ।

| सि. न. | पद | तह | सङख्या | कर्मचारीको तलब स्केल | महिना | अनुमानित तलब जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मे.अ. | आँठौ | १ | ३४२२०।- | १३ | ४,४४,८६०।- | |
| २ | सि.अ.हे.व. | छैठौ | २ | ३०५००।- | १३ | ७,९३,०००।- | |
| ३ | अ.हे.व. | पाँचौ | १ | २३५००।- | १३ | ३,०५,५००।- | |
| ४ | हे.अ. | पाँचौ | ७ | २३५००।- | १३ | २१,३८,५००।- | |
| ५ | अ.हे.व. | चौथो | १२ | २२१७०।- | १३ | ३४,५८,५२०।- | |
| ६ | स्टाफ नर्स | छैठौ | १ | ३०५००।- | १३ | ३९,६५,०००।- | |
| ७ | ल्याब असिस्टेन्ट | पाँचौ | १ | २३५००।- | १३ | ३,०५,५००।- | |
| ८ | अ.न.मी. | पाँचौ | ४ | २३५००।- | १३ | १२,२२,०००।- | |
| ९ | अ.न.मी. | चौथो | ११ | २२१७०।- | १३ | ३१,७०,३१०।- | |
| १० | का.स. | चौथो | १ | २२१७०।- | १३ | २,८८,२१०।- | |
| ११ | पोषाक भत्ता | | ४१ | ४१००००।- | १३ | ४,१०,०००।- | |
| | जम्मा (ग्रेड, संचयकोष थप समेत) | | | | | १५००००००० | |

## शितगंगा न.पा. अर्न्तगतका करार सेवामा कार्यरत तथा आवश्यक पर्ने कर्मचारीहरुका लागि अनुमानित वार्षीक तलब विवरण ।

| सि. न. | पद | तह | सङख्या | कर्मचारीको तलब स्केल | महिना | अनुमानित तलब जम्मा रकम | कैपियत |
|---|---|---|---|---|---|---|---|
| १. | अ.हे.व. सा.स्वा.के. | चौथो | १२ | १५,०००।- | १३ | २३४००००।- | |
| २. | अ.न.मी. सा.स्वा.के. | चौथो | ४ | १५,०००।- | १३ | ७,८०,०००।- | |
| ३. | अ.न.मी. वर्थिङ सेन्टर | चौथो | ६ | १५,०००।- | १३ | ११,७०,०००।- | |
| ४. | ल्या.अ. जुकेना | चौथो | १ | १५,०००।- | १३ | १,९५,०००।- | |
| ५. | का.स.स्वा.चौ. सा.स्वा.के. | श्रे.वि. | १५ | ७००० | १३ | १३६५०००।- | |
| | जम्मा | | | | | ५८५००००- | |

निर्णय न. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा युएनहेभिटाट सहयोगि संस्था प्राग अर्घाखांचीको सहयोगमा डि प्याक बैठकमा भएको निर्णय बमोजिम यस नपाको वडा नं. ६ को कोईवाङ्गमा रिचार्ज पोखरी निर्माणको लागि प्रकृया अगाढी बढाउन डि प्याकलाई अनुरोध गर्ने निर्णय गरियो ।